# मादी गाउँपालिका

# स्थानीय राजपत्र


## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ५ संख्या ३ वैशाख १४ गते, २०७८ साल**


# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०७८ सालको कार्यविधि नं. ३

## मातृ–शिशु (सुत्केरी) भेटघाट कार्यक्रम संचालन कार्यविधि, २०७८

<u>प्रस्तावना:</u>

मादी गाउँपालिका भित्रका सुत्केरी आमा तथा नवजात शिशुको गुणस्तरीय स्वास्थ्यको लागि मातृ तथा शिशु स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउन उपाध्यक्षसंग महिला कार्यक्रम मर्फत सुत्केरी भेटघाट कार्यक्रमलाई व्यवस्थित

मादी गाउँपालिका, कास्की

गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (भ) बमोजिम कार्यपालिकाबाट मातृ-शिशु (सुत्केरी) भेटघाट कार्यक्रम संचालन कार्यविधि, २०७८ स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम मातृ-शिशु (सुत्केरी) भेटघाट कार्यक्रम संचालन कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि २०७७ श्रवण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

(क) " गाउँपालिका " मादी गाउँपालिका सम्भनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले मादी गाउँ कार्यपालिका सम्भनु पर्दछ ।

(ग) "अध्यक्ष " भन्नाले गाउँपालिका अध्यक्ष सम्भनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले गाउँपालिका उपाध्यक्ष सम्भनु पर्दछ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले, गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भनु पर्दछ ।

(च) "वडा" भन्नाले मादी गाउँपालिकाका वडा सम्भनु पर्छ ।

(छ) "वडा अध्यक्ष" भन्नाले मादी गाउँपालिकाका वडाको अध्यक्ष सम्भनु पर्छ ।

(ज) "मातृ शिशु स्याहार" भन्नाले गाउँपालिका भित्र रहेका लक्षित गर्भवती, तथा सुत्केरी महिला र नवजात शिशुको स्याहार संरक्षण र सहयोग व्यवस्थापनलाई सम्भनु पर्छ ।

मादी गाउँपालिका, कास्की

(झ) ‘‘लक्षित वर्ग ’’ भन्नाले गरीव, विपन्न, दलित, असहाय, बेसाहारा, न्यून आय भएका, अशक्त अपाङ्गता भएका गर्भवती तथा सुत्केरी महिलालाई सम्झनु पर्छ ।

(ञ) ‘‘लक्षित वर्ग व्यक्ति’’ भन्नाले मादी गाउँपालिकामा स्थायी वा अस्थायी बसोवास गरेका गर्भवती महिला तथा निजवाट जन्मेका सुत्केरी आमा तथा शिशु दुवैलाई सम्झनु पर्छ ।

(ट) ‘‘स्वास्थ्य सस्था” भन्नाले अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाईलाई सम्झनु पर्छ ।

(ठ) “खर्चको मापदण्ड तथा नर्म्स” भन्नाले दफा ३ अर्न्तगत अनुसूची-१ मा भएको खर्च नर्म्स लाई जनाउछ

(ड) ‘‘कार्यकम योजना’’ भन्नाले मातृ–शिशु (सुत्केरी) भेटघाट कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ढ) “कार्यकम अवधि ” भन्नाले कार्यक्रम लागू हुने आर्थिक वर्षलाई सम्झनु पर्दछ ।

(ण) “जिम्मेवार स्वस्थ्यकर्मी” भन्नाले कार्यकम कार्यान्वयन गर्नको लागि तोकिएको कर्मचारी तथा स्वास्थ्यकर्मीलाई सम्झनु पर्दछ ।

(त) “कोसेली” भन्नाले सुत्केरी हुनु भन्दा अगाडि वा भईसकेपछि सुत्केरी आमा तथा शिशुको पोषण स्थितिमा सुधार ल्याउन वा बढाउन उपहारको रुपमा दिइने खाद्य सामग्री, जिन्सी वा नगद समेतलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## कार्यक्रमको उद्देश्य

मादी गाउँपालिका, कास्की

३. मातृ–शिशु (सुत्केरी) भेटघाट कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेको छ :-

(१) महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्कोरी गराउन प्रोत्साहित गराउनु ।

(२) महिलाहरुलाई स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गराई आमा तथा शिशुको स्वास्थ्य स्थितिको बारेमा जानकारी प्राप्त गर्नु ।

(३) सुरक्षित मातृत्वको सुनिश्चितता प्रदान गर्नु ।

(४) पोषण युक्त खानाको विषयमा जनचेतना अभिवृद्धि गर्नु ।

(५) मातृ मृत्युदर तथा बाल मृत्युदर घटाउनु ।

## परिच्छेद-३
## कोसेली सम्बन्धी व्यवस्था

४. कोसेली वितरण सम्बन्धी प्रकृया :

(१) स्वास्थ्य शाखा मार्फत तथ्यांक संकलन गरी दफा (८) बमोजिमको समितिमा पेश गर्ने ।

(२) समितिको बैठकबाट लाभग्राही छनौट गर्ने ।

(३) उपाध्यक्षको नेतृत्वमा जनप्रतिनिधि, स्वास्थ्य शाखा समेतको सहभागितामा लाभग्राहीको घर
घरमा पुगी कोसेली हस्तान्तरण गर्ने ।

५. कोसेली सम्बन्धी व्यवस्था :

(१) उपाध्यक्षसंग महिला कार्यक्रम अर्न्तगत वितरण गरिने कोसेली जिन्सी वा नगदमा उपलब्ध गराइनेछ ।

(२) कोसेली सुत्केरी आमा तथा नवजात शिशुको पोषण स्थिति सुधारको लागि रु. ३५००/-(तीन हजार पाँच सय) मा नबढ्ने गरी उपलब्ध गराइने छ ।

(३) कोसेलीमा पोषण स्वास्थ्य सुधार हुने खालका खाद्य सामग्रीहरु जस्तै : चामल, मासु, अण्डा, घिउ जस्ता वस्तु प्याकेजको रुपमा वितरण गरिने छ । यसरी वितरण हुंदा पहिलो पटकको लागि एक आर्थिक वर्ष भित्रका लाभग्राहीको लागि आ.व.को अन्तिममा एक कार्यक्रम मार्फत उपलब्ध गराईने व्यवस्था मिलाइने छ ।

६. कोसेली प्राप्त गर्दा पेश गर्नुपर्ने कागजात :

(१) सुत्केरी महिलाको निवेदन,

(२) स्वास्थ्य संस्थाले प्रदान गरेको नवजात शिशुको जन्म प्रमाण पत्र,

(३) वडा कार्यालयको सिफारिस,

(४) नियमित गर्भजाँच गरेको स्वास्थ्य संस्थाको प्रमाण,

७. अभिलेख व्यवस्थापन :

(१) स्वास्थ्य शाखाले सुत्केरी तथा नवजात शिशुको विवरण अध्यावधिक गरी राख्नु पर्नेछ ।

(२) कार्यक्रमको प्रगति कार्यपालिका बैठकमा नियमित रुपमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४
## विविध

८. लाभग्राही छनौट समिति सम्बन्धी व्यवस्था : (१) मातृ शिशु (सुत्केरी) भेटघाट कार्यक्रम संचालनको लागि देहाय बमोजिमको लाभग्राही छनौट समिति गठन हुनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष
संयोजक

माद्री गाउँपालिका, कास्की

(ख) सामाजिक विकास समितिका संयोजक
सदस्य

(ग) कार्यपालिका सदस्य मध्येबाट एकजना (महिला) १ जना
सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष
सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख
सदस्य सचिव

९. बाधा अड्काउ फुकाउने : (१) यो कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ आईपरेमा कार्यपालिकाबाट बाधा अड्काउ फुकाउन सकिने छ ।
(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै समास्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन संशोधन गर्न सक्नेछ ।

आज्ञाले
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

माद्री गाउँपालिका, कास्की